हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथरको  आगामी आ.व २०८०/०८१ को बार्षिक बजेट, तथा कार्यक्रम

गाउँसभामा पेश गरिएको मिति : २०८०/३/१०
गाउँसभाबाट पारित भएको मिति :२०८०/३/१३

**सभाध्यक्ष महोदय**

१.स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (७१) बमोजिम हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथरको आगामी आ.व २०८०/०८१ को राजश्व र ब्ययको (बजेट प्रस्तुत  गर्न अनुमति चाहान्छु ।

२.यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यबस्था स्थापनाको लागि बिभिन्न कालखण्डमा भएका जनआन्दोलन लगायत राजनीतिक क्रान्ति एबं संघर्षलाई म स्मरण गर्न चाहान्छु । जनअधिकार र राजनीतिक परिबर्तनका लागि आफ्नो अमूल्य जीबन बलिदान गर्ने महान शहिदहरूप्रति भाबपूर्ण श्रद्धान्जली ब्यक्त गर्दछु ।

३.सामाजिक न्याय सहितको बहुआयामिक एबं सर्बसुलभ विकासद्धारा दिगो शान्ति , सुशासन सहितको विकास र सम्मृद्धिको आकांक्षा पूरा गर्न हिलिहाङ गाउँपालिकाले अख्तियार गरेको प्रथम पञ्च बर्षिय आवधिक नीति कृषि, उर्जा, पर्यटन र प्रविधि हिलिहाङ गाउँपालिकाको सम्मृद्धी पूरा गर्ने सवालमा मूर्त रूप प्रदान गर्ने प्रकृतिका योजना तथा कार्यक्रमहरू तर्जुमा गरी छनौट गरिएको छ ।

**सभाध्यक्ष महोदय**

१. अब म आगामी आर्थिक बर्ष २०८०/०८१ को लागि योजना, आयोजना तथा कार्यक्रमहरूको तर्जुमा गर्दा लिएका आधारहरूलाई सभा समक्ष पेश गर्न चाहान्छु । आगामी आर्थिक बर्ष २०८०/०८१ योजना तथा कार्यक्रमहरू पारित गर्ने क्रममा देहाय बमोजिमका आधारहरूको अनुशरण गरी महत्वपूर्ण आधारको रूपमा लिएको छु ।

(क) नेपालको संविधान
(ख) दिगो विकासका लक्ष्यहरू
(ग) पन्ध्रौं पञ्च बर्षिय योजना
(घ) अर्थ मन्त्रालयले बजेट तर्जुमा गर्ने क्रममा जारी गरेका निर्देशिकाहरू
(ङ) स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
(च) स्थानीय सरकार सञ्चालन ऐन २०७४
(छ) हिलिहाङ गाउँपालिकाको पञ्च बर्षीय योजना
(ज) गाउँपालिकाद्धारा पारित मूल नीति तथा कार्यक्रम

२. गाउँ कार्यपालिकाको आ ्नो अधिकार क्षेत्र भित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरूलाई निम्नानुसरा विषयगत क्षेत्र तोकी बजेट विनियोजन गरेको छु ।

(क) आर्थिक विकास तर्फ रू ७६७००००।० (छयहत्तर लाख सत्तरी हजार)
(ख) सामाजिक विकास तर्फ रू ३४५९४६४९।० (तीन करोड पैतालिस लाख चौरानब्बे हजार छ सय उन्चास)
(ग) पूर्बाधार विकास तर्फ रू १३०८३५७१५।० (तेह करोड आठ लाख पैंतिस हजार सात सय पन्ध्र)

(घ) वन वातावरण तथा विपद व्यवस्थापन तर्फ रू ५०००००।० (पाँच लाख)

(ङ) सुशासन तथा संस्थागत विकास तर्फ रू २१०००००।० (एकाइस लाख)

३. महामारी तथा महामारीजन्य रोगहरू तथा दैवि प्रकोप, विपत्ति एबं कृषिजन्य बालिनालिमा लाग्ने प्रकोप रोकथाम र नियन्त्रण कार्यको लागि प्रकोप ब्यबस्थापन कोषमा रू ३५०००००।० (पैंतिस लाख) र आकश्मिक कोषका लागि रू २००००००।० (विस लाख) र अन्य (आर्थिक) सहायता लागि रू १५०००००।० पन्ध्र लाख रकम विनियोजन गरेको छु ।

४. यस गाउँपालिकाको आगामी आ.व २०८०/०८१ मा चालु तर्फ कुल रकम रू ३६४००२६८५।० ( छतिस करोड चालिस लाख हजार दूई छ सय पचासी) पूंजिगत तर्फ रू १३८९६०७१५।० (तेह्र करोड उनब्बे लाख साठी हजार छ सय पन्ध्र) गरी कुल ५०२९६३४००।० (पचास करोड उन्तिस लाख त्रिसठी हजार चार सय) तथा वडा तर्फ चालु तथा पूँजिगत गरी १६८०००००।- (एक करोड अठ्सट्री लाख बजेट विनियोजन गरेको छु ।

५. राजश्व बाँडफाँड रकम रू ८९८८१४००।० (आठ करोड अन्ठनब्बे लाख एकासी हजार चार सय) वित्तिय समानिकरण रू १०३५०७०००।० (दश करोड पैंतिस लाख सात हजार) संघीय शसर्त अनुदान रकम रू २२३१०००००।० (बाईस करोड एकतिस लाख) संघीय समपुरक रू २०००००००।० (दुई करोड) प्रदेश समपुरक रू १००००००००।० (एक करोड) संघीय विशेष अनुदान रू ५००००००।० (पचास लाख) प्रदेश सशर्त १०७५०००।० (दश लाख पचहत्तर हजार) बराबरको आयको अनुमान गरिएको छ ।

## आर्थिक विकास तर्फ

### क. रोजगार सेवा केन्द तर्फ (प्रधानमन्त्री स्वरोजगार)

१. प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्र (भ्क्क) मा दर्ता भएका श्रमिकहरूलाई तोकिएको दैनिक ज्यालादारीको दरमा पूर्बाधार विकास निर्माणका क्षेत्रमा १०० दिनको न्यूनतम रोजगार उपलब्धताको लागि रू १८०००००।० (अठार लाख) रकम विनियोजन गरेको छु ।

२. श्रमिकहरूलाई निर्माण कार्यमा खटिंदा वा कार्य सम्पादनका क्रममा आबश्यक औजार उपकरण तथा सुरक्षाका सामाग्रिहरूको यथोचित ब्यबस्थापन कार्यको लागि रू १७५०००।० (एक लाख पचहत्तर) रकम विनियोजन गरेको छु ।

३. गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रममा समाबेश श्रममूलक प्रविधिबाट कार्यान्वयन गरिने प्रकृतिका योजना तथा आयोजनाहरू आबश्यक जनशक्ति रोजगार सेवा केन्द्रमा सुचीकृत श्रमिकहरूलाई परिचालन गर्ने कार्यनीति अवलम्बन गरिने गरी ब्यबस्था मिलाएको छु ।

### ख. कृषि विकास तर्फ

१. तरकारी बालि पकेट क्षेत्र विस्तार कार्यक्रमको निरन्तरताको फलस्वरूप तरकारी बालि पकेट क्षेत्र निर्धारण गरी निर्यातमुखि तरकारी उत्पादनका लागि रू ५०००००।० (पाँच लाख) रकम विनियोजन गरेको छु ।

२. कृषकहरूले लगाएको खेत बारीको बालिनालिमा विषादिहरूको प्रयोगलाई न्यूनिकरण गर्न जैबिक तथा वानस्पतिक विषादिहरूको प्रयोग गरी विषादी रहित अर्गानिक खेति प्रणालिको विकास तथा सीप प्रवर्द्धन कार्यको लागि रू १४००००।० (एक लाख चालिस हजार) रकम विनियोजन गरेको छु ।

३. बैदेशिक रोजगारबाट फर्किएका तथा स्वदेशमै आफ्नो सीपबाट कृषि उद्यमी बन्न चाहाने युबाहरूलाई युवा स्वरोजगार कार्यक्रम सञ्चालनको निरन्तरताको लागि रू ७०००००।० (सात लाख) रकम विनियोजन गरेको छु

४. किसानहरूले आफ्नो खेत बारीमा लगाएको विभिन्न कृषि बालिहरूमा देखिने रोग, किरा तथा प्रकोप नियन्त्रण कार्यको लागि रू ३०००००।० (तीन लाख) रकम विनियोजन गरेको छु ।

**ग पशु विकास तर्फ**

१. किसान सुचीकरण कार्यक्रममा समावेश भएका ३४०० भन्दा बढी कृषकहरूलाई निर्धारित सूचकहरूको आधारमा बर्गिकरण गरी कृषक परिचयपत्र छपाई कार्य सम्पन्न भएको हुंदा निकट भविष्यमा कृषक परिचयपत्र वितरण गरिने छ । सूचीकरण प्रणालिमा समावेश हुन नसकेका किसानहरूका लागि थप कार्यक्रम सञ्चालनको लागि रू २४९०००।० (दुई लाख उन्चास हजार) रकम विनियोजन गरेको छु ।

२. यस गाउँपालिकाबाट बार्षिक रूपमा करिब १६ (सोह्र) टन छुर्पि, २१ (एक्काईस) टन घीउ निर्यात हुदै आएकोले कृषक तथा डेरी फार्म उधोग सञ्चालन गर्ने कृषकहरूलाई डेरी उधोग थप ब्यवस्थापनको लागि रू १०३८०००।० (दश लाख अड्तिस हजार) रकम विनियोजन गरेको छु ।

३. पशुमा कृत्रिम गर्भाधारणका लागि सबै वडाहरूमा गाउँपालिकामा रहेका पशु प्राविधिकहरूलाई परिचालन गरी यस बर्ष कम्तिमा ४७५ पशुलाई कृत्रिम गर्भाधान गराउने लक्ष्य स्वरूप रू १५००००।० (एक लाख पचास हजार) बजेट विनियोजन गरेको छु ।

४. कृषकहरले पालेका उन्नत जातका पशुधन रक्षाका लागि पशु विमा कार्यक्रम सञ्चालन कार्यको लागि रू ४०००००।० (चार लाख). रकम विनियोजन गरेको छु ।

५. पशु स्वास्थ्य तथा उपचारका लागि प्रत्येक वडा सेवा केन्द्रहरूबाट पशुका समस्यामा आधारित निशुल्क पशुजन्य औषधी वितरण एबं पशु खोप सेवा सञ्चालन एबं पशुमा लाग्ने विभिन्न रोगहरको रोकथाम र नियन्त्रण कार्यको लागि रू १२०००००।० (बाह्र लाख) वजेट विनियोजन गरेको छु ।

**घ सहकारी तर्फ**

१. गरिबी न्यूनिकरणका लागि सहकारी क्षेत्रलाई उधमशिलता, उत्पादन र रोजगारीसँग आबद्ध गरिने छ । साथै वित्तीय साक्षरता कार्यक्रम सञ्चालनको लागि रू २०००००।० (दुई लाख) रकम विनियोजन गरेको छु ।

**ङ घरेलु तथा लघुउद्यम तर्फ**

१. घरेलु तथा लघुउद्यमको माध्यमबाट तालिम प्राप्त उद्यमिहरूलाई थप एड्भान्स सीप विकास तालिम तथा नयाँ उधमिहरूलाई सीप र प्रविधि सहित उत्पादनमूलक कार्यमा जोड्नका लागि रू १८४४५४८।० ( अठार लाख चवालिस हजार पाँच सय अड्चालिस) रकम विनियोजन गरेको छु ।

**ङ पर्यटन तर्फ**

१. यस गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक, साँस्कृतिक र ऐतिहासिक महत्व बोकेका क्षेत्रहरूको संरक्षण, संबर्द्धन, प्रवर्द्धन तथा ब्यापक रूपमा प्रचार प्रसार तथा परापूर्व कालदेखि चलि आएको धार्मिक प्रचलनहरूको निरन्तरता तथा मेला ब्यवस्थापन समेतको कार्यको लागि रू ५५००००।० (पाँच लाख पचास हजार). रकम विनियोजन गरेको छु ।

**ङ सामाजिक विकास तर्फ**

**क शिक्षा तर्फ**

१. हाल सञ्चालनमा रहेका मौजुदा बालविकास केन्द्रहरूलाई शैक्षिक तथा पाठ्य सामाग्री उपलब्ध गराई गुणस्तरीय शिक्षण सिकाईको लागि रू १५००००।० (एक लाख पचास हजार) रकम विनियोजन गरेको छु ।

२. विद्यालयमा दिवा खाजा कार्यक्रमलाई थप प्रभाबकारी र ब्यवस्थित बनाउदै अध्ययन अध्यापन कार्यमा शिक्षक सकृयतामा बृद्धि ल्याई विधार्थीहरूको कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने दरमा सुधार गर्न रू ६४३४०००।० .(चौसठी लाख चौंतिस हजार) बजेट विनियोजन गरेको छु ।

३. विद्यालयहरूले प्रत्येक बर्ष अद्यावधिक गर्नु पर्ने एकीकृत शैक्षिक सूचना ब्यबस्थापन प्रणालि क्ष्ःक्ष्क लाई ब्यबस्थित गर्दै सही सूचना निरन्तर रूपमा अद्यावधिक गरी सही अभिलेख प्रविष्टी गर्न अभिप्रेरित गर्न रू २०००००।० (दुई लाख) बजेटको प्रबन्ध मिलाएको छु ।

४. विद्यालयहरूको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न विद्यालयका प्रधानाध्यापकहरू तथा विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरूसँगको अन्तरक्रियात्मक कार्यक्रमको लागि रू १७५०००।० (एक लाख पचहत्तर हजार) बजेट विनियोजन गरेको छु ।

५. विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय, ईन्टरनेट जस्ता नवीन तथा सृजनात्मक प्रविधिहरूको प्रयोग गर्दै कक्षा शिक्षणलाई प्रविधिमैत्री तवरबाट शिक्षण सिकाई कार्यको लागि रू १३०००००।० (तेह्र लाख) रकम विनियोजन गरेको छु ।

६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा अध्यक्षकप खेलकुद कार्यक्रमलाई थप प्रभाबकारी र ब्यवस्थित रूपमा सञ्चालन गर्दै खेल क्षेत्रको विकासको लागि रू १३०००००।० (तेह्र लाख) बजेट विनियोजन गरेको छु ।

**च स्वास्थ्य सेवा तर्फ**

१. खोप तथा गाउँघर क्लिनिकलाई अझ गुणस्तरीय सेवा प्रदान गर्न गराउन रू २५००००।० (दुई लाख पचास हजार) बजेट विनियोजन गरेको छु ।

२. सबै वडाका एक बर्ष मुनिका बालबालिकाहरूको सम्बन्धित स्वास्थ्य संस्थाहरूले पेश गरेको प्रगति विवरण अनुसार पूर्णखोप गाउँपालिका सुनिश्चितता कार्यलाई निरन्तरता प्रदान गरिएको छ ।

३. सुरक्षित प्रसुति सेवा, गर्भजाँच अन्तर्गत हाल सञ्चालनमा रहेका बर्थिङ सेण्टरहरमा दक्ष स्वास्थ्यकर्मिहरूको ब्यवस्था गरी जिरो होम डेलिभरी कार्यक्रमलाई प्रभाबकारी रूपमा कार्यान्वियन गर्न विपन्न सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम प्रभाबकारी रूपमा कार्यान्वयनको लागि रू ३०००००।० (तीन लाख) बजेट विनियोजन गरेको छु ।

४. सामुदायिक स्वास्थ्य महिला स्वयमसेविकाहरूलाई समुदायमा आफ्नो कर्तब्य बोध सहितको जिम्मेवारी कुशलतापूर्बक बहन गर्न खाजा तथा पोशाकको लागि रू ११४२४००।० (एघार लाख बयालिस हजार चार सय) बजेट विनियोजन गरेको छु ।

५. अति विपन्न घर परिवारको स्वास्थ्य वीमा कार्यक्रम तथा नागरिक आरोग्य केन्द्र जोरपोखरीबाट प्रवाह हुने सेवालाई थप ब्यवस्थित कार्यको लागि रू २५०००००।० (दुई लाख पचार हजार) बजेट विनियोजन गरेको छु ।

६. नेपाल सरकारले सूचीकृत गरेका आधारभूत स्वास्थ्य सेवामा प्रत्येक स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा वितरण गरिने औषधी तथा सर्जिकल मालसामान खरिद कार्यको लागि रू २४०००००।० (चौवीस लाख) रकम विनियोजन गरेको छु ।

७. प्राथामिक स्वास्थ्य केन्द्र गोपेटारबाट आम हिलिहाङवासी नागरिकहरूको लागि निःशुल्क ल्याब परीक्षण सेवामा केमिकल खरिद कार्यको लागि रू ३०००००।० (तीन लाख रकम) विनियोजन गरेको छु । मानसिक स्वास्थ्य तथा नसर्ने रोग ब्यवस्थापन कार्यको लागि रू १०००००।० (एक लाख ) रकम विनियोजन गरेको छु ।

८. पोषणमैत्री वडा तथा गाउँपालिका घोषणा तयारी तथा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन कार्यको लागि रू १८०००००।० (अठार लाख) रकम विनियोजन गरेको छु ।

**छ महिला विकास तर्फ**

१. निश्चित उद्देश्य हासिल गर्न गठित विभिन्न महिला समिति तथा समूहहरूलाई सकृय बनाउदै वित्तिय साक्षरता कार्यक्रमको माध्यमबाट आयआर्जन सीप विकास मूलक तालिम सञ्चालन कार्यको लागि रू ७०००००।० (सात लाख) बजेट विनियोजन गरेको छु ।

२. लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान तथा सामाजिक सञ्जालको दुरूपयोग सम्बन्धी सचेतनामूलका कार्यक्रम सञ्चालनको लागि बजेट सहितको यथोचित प्रबन्ध मिलाईने छ ।

३. दलित समुदायहरूको क्षमता अभिबृद्धि लागि आय आर्जनमूलक सीप विकास तालिम कार्यक्रम सञ्चालनको लागि बजेट सहित यथोचित प्रबन्ध मिलाईने छ ।

**ज बालमैत्री स्थानीय शासन तर्फ**

१. बालबालिकाको सर्बाङगिण विकास सम्बन्धी समय सापेक्ष नीति बनाई बालश्रम मुक्त बालमैंत्री वडा घोषणा चरणबद्ध रूपमा गर्ने क्रममा आगामी मिति २०८१ असार मसान्त भित्रमा १ नंम्बर वडा कार्यालय र आगामी मिति २०८२ असार मसान्त भित्रमा २ नंम्बर वडा कार्यालयलाई बालमैत्री वडा घोषणा गर्ने आम सरोकारवालाहरूले प्रतिबद्धता पत्रमा हस्ताक्षर जनाए अनुरूप बालमैंत्री वडा घोषणा कार्यको लागि यथोचित बजेटको प्रबन्ध मिलाईने छ ।

**झ अपाङगता तर्फ**

१. अपाङगता रोकथाम तथा पुनर्स्थापन कार्यक्रम निरन्तरताको लागि रू १८८७८५२।० (अठार लाख सतासी हजार आठ सय बाउन्न) रकम बिनियोजन गरेको छु ।

**ञ खानेपानी तथा सरसफाई तर्फ**

१. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन एक घर एक धाराको नीति अनुरूप संघीय सरकारबाट सञ्चालित सुभाङ बृहत खानेपानी आयोजनालाई प्राथमिकताकासाथ समयमै सम्पन्न गर्न रू १५०००००।० (पन्ध्र लाख) रकम विनियोजन गरेको छु ।

**ट पूर्बाधार विकास तर्फ**

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा निर्दिष्ट भएको अधिकारहरूको प्रभाबकारी रूपमा कार्यान्वयन गर्दे हिलिहाङ गाउँपालिकाको समग्र विकासमा चाहिने अत्यावश्यक भौतिक संरचनाहरू क्रमश निर्माण गर्दै लगिने कार्यनीति अवलम्बन गरिने छ ।

२. गुणस्तरीय अधारभूत स्वास्थ्य सेवामा नागरिकहरूको पहुँच सुनिश्चित गर्न सर्बसुलभ तवरबाट गुणस्तरिय सेवा प्रबाह गर्ने सिलसिलामा प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारमा निर्माणाधिन पाँच शैयाको आधारभूत अस्पताल आगामी आर्थिक बर्ष २०८०/८१ भित्रमा सम्पन्न गर्ने गरी रू ४५७०००००।० ( चार करोड सन्ताउन्न लाख) बजेट विनियोजन गरेको छु ।

३. हिलिहाङ दरबार परिसर क्षेत्रमा निर्माणाधिन हिलिहाङ दरबार भवनको थप बाँकी निर्माण कार्य सम्पन्न गर्न रू ३५५००००।० (पैंतिस लाख पचास हजार) बजेट विनियोजन गरेको छु ।

४. यस हिलिहाङ गाउँपालिकाको वार्ड नं- ४ भोगटेनिमा निर्माणाधिन प्रशासकीय भवनको ठेक्का बन्दोबस्त गरी भवन निर्माण सुचारू कार्यको लागि रू १५००००००।० (एक करोड पचास लाख) बजेट विनियोजन गरेको छु ।

५. हिलिहाङ गाउँपालिकाको सडक गुरू योजनाले निर्दिष्ट गरेका सडकहरूको प्राथमिकता क्रमको आधारमा सडकहरूको स्तरीकरण गरिने छ ।

६. हिलिहाङ गाउँपालिकाको समग्र विकासमा कोशेढङ्गाको रूपमा सावित हुने तपशिलका योजनाहरूको विस्तृत परियोजना प्रतिबेदन कार्यको लागि रू २५०००००।० (पच्चिस लाख) रकम विनियोजन गरेको छु ।

(क) हिलिहाङ दरबार क्षेत्र
(ख) देउराली साम्प्रे डाँडे मृदुङ्गा झरना मोटरबाटो
(ग) बालाचतुरे ओराङफुङ जेभाले मुर्दे सडक

**ठ वन वातावरण तथा विपद व्यवस्थापन**

१. विकास र वातावरणबीच सन्तुलन कायम गरी वन कार्यालयसँगको समन्वयमा वनको दिगो व्यवस्थापन गरी वातावरण संरक्षण र वन बिनास तथा वन क्षयीकरण न्यून गरिने प्रकृतिका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिने छ ।

२. हिलिहाङ गाउँपालिकाको विपद प्रतिकार्य प्रतिबेदनले निर्दिष्ट गरेका विपदहरको रोकथाम, न्यूनिकरण तथा नियन्त्रण एबं खानेपानी मुहानहरूको संरक्षण कार्यको लागि ५०००००।० (पाँच लाख) रकम विनियोजन गरेको छु ।

**ड सुशासन तथा संस्थागत विकास तर्फ**

१. हिलिहाङ गाउँपाकिाबाट गुणस्तरीय सेवा प्रवाह गर्ने क्रममा आबश्यक जनशक्तिको यकीन गर्न संगठन तथा ब्यवस्थापन सर्भेक्षण कार्यको लागि रू ५०००००।० (पाँच लाख) रकम विनियोजन गरेको छु ।

२. हिलिहाङ गाउँपाकिाको समग्र विकासको आयामलाई नक्सा°न गरी आबश्यकताको आधारमा विकास कार्यक्रमहरूको पहिचान गर्न हिलिहाङ गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा कार्यको लागि रू १००००००।० (दश लाख) रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत ब्यबस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू ५०२९६३४००।० (पचास करोड उन्तिस लाख त्रिसठी हजार चार सय) विनियोजन गरेको छु । कुल विनियोजनमध्ये संघीय सरकार रू ३४५७००००००।० (चौतिस करोड सन्ताउन्न लाख) प्रदेश सरकार रू १६९८२०००।० (एक करोड उन्सत्तरी लाख बयासी हजार) राजश्व बाँडफाँड रू ८९८८१४००।० (आठ करोड अन्ठानब्बे लाख एकासी हजार चार सय) आन्तरीक आय रू  ५०४०००००।० (पाँच करोड चार लाख) रहेको छ ।

२. अब म आगामी आर्थिक बर्ष २०८०/०८१ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

३. आगामी आर्थिक बर्षको राजश्व नीति र करका दरहरू निर्धारण गर्दा निम्नानुसारको राजश्व परिचालन नीति अङ्गिकार गरेको छु ।

(क) सरोकारवालाहरूसँगको समन्वयमा करका दायरा तथा क्षेत्र विस्तार गर्ने ।
(ख) राजश्व प्रशासनलाई प्रविधिमैंत्री बनाईने छ ।
(ग) राजश्व प्रशासन कार्यमा प्रत्यक्ष सम्लग्न जनशक्तिको विकास गरिने छ ।
(घ) राजश्व सुधार कार्ययोजनाले दिएका सुझावहरूलाई अङ्गिकार गरी कर सहभागिता अभिबृद्धि गर्ने ।।

४. राजश्व परामर्श समतिको प्रतिबेदन लगायत स्थलगत रूपमा अध्ययन गर्ने

**सभाध्यक्ष महोदय**

आगामी आर्थिक बर्षको राजश्व नीति र करका दरहरू निर्धारण गर्दा निम्नानुसारको राजश्व परिचालन नीति अङ्गिकार गरेको छु र

(क) करका दायरा तथा क्षेत्र विस्तार गर्ने
(ख) राजश्व प्रशासनलाई प्रविधिमैंत्री बनाइने छ ।

(ग) राजश्व प्रशासन कार्यमा प्रत्यक्ष सम्लग्न जनशक्तिको क्षमता विकास गरिने छ ।
(घ) राजश्व सुधार कार्य योजनाले दिएका सुझाबहरूलाई अङ्गिकार गरी कर सहभागिता अभिबृद्धि गरिने छ ।

**सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक बर्ष २०८०/०८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।
(क) उपलब्ध स्रोत र साधनलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्दै आय र रोजगारीको अवसर सृजना गरी गरिबी न्यूनिकरणमा जोड दिने ।
(ख) आर्थिक र सामाजिक पूर्बाधारहरूको विकास गरी समृद्ध हिलिहाङ गाउँपालिकाको आधार गर्ने ।
(ग) सर्बसुलभ तथा गुणस्तरीय सेवा प्रबाह गर्ने ।
(घ) स्थानीय स्तरका सडकहरूको स्तरोन्नति, पर्यटन पूर्बाधार विकास र संस्थागत भवनहरूको निर्माण गर्ने ।

**९ प्रस्तुत बजेटका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिको प्राथमिता निर्धारण गरेको छु ।**

(क) कृषि तथा पशुपालन ब्यबसायको ब्यबसायीकरण, आधुनिकीकरणमा जोड दिदै निर्यातमूखि कृषिजन्य तथा पशुजन्य उत्पादनमा बृद्धि गर्ने ।
(ख) उधमशिलताको माध्यमबाट प्रविधि सहितको सीपमूलक तालिम प्रदान गरी नयाँ उधमिहरू सिर्जना गर्ने ।
(ग) हिलिहाङ गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरूको सरक्षण, सम्बर्द्धन, प्रवर्द्धन गरी पर्यटकीय गन्तब्यको रूपम विकास गरिने छ ।
(घ) निर्माणाधिन तथा अधुरा आयोजनाहरूको निर्माण कार्यको यथोचित प्रबन्ध मिलाई समयमै सम्पन्न गरिने छ ।
(ङ) अति विपन्न लक्षित घरपरिबारलाई आयआर्जनमूलक कार्यक्रमहरूमा क्रियाशिल गराई उनिहरूको जीबनस्तरमा क्रमिक रूपमा सुधार गरिने छ ।
(च) हिलिहाङ गाउँपालिकाको सुशासन र गुणस्तरीय सेवा प्रबाहमा समय सापेक्ष रूपमा सुधार गर्दै सबै संयन्त्रहरूलाई क्रियाशिल बनाईने छ ।
(छ) संघ र प्रदेश सरकारको सहयोग, समन्वय र सहकार्य मार्फत सर्बाि ण विकासमा जोड दिईने छ ।

**सभाध्यक्ष महोदय**

अब म हिलिहाङ गाउँपालिकाको चालु आर्थिक बर्ष २०७९/०८० को स्वीकृत बजेट नीति तथा कार्यक्रमहरू कार्यान्वयनको समग्र बर्तमान अवस्थाका बारेमा संक्षिप्त रूपमा जानकारी प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१ चालु आर्थिक बर्षको बजेट नीति तथा कार्यक्रम कार्यान्वयनको समिक्षा**

चालु आर्थिक बर्ष २०७९/०८० को कुल बजेट रू ५२०६५६९००।० (बाउन्न करोड छ लाख छपन्न हजार नौं सय बाईस) मध्ये पूंजिगत तर्फ रू १९२४५५८४४।० (उन्नाईस करोड चौबिस लाख पचपन्न हजार आठ सय चवालिस विनियोजन भएकोमा हालसम्म रू ७५३४२९३६।०) (सात करोड त्रिपन्न लाख बयालिस हजार नौ सय छतिस) अर्थात ३९ प्रतिशत कर्यान्वयन भएको देखिन्छ । चालु तर्फ शसर्त अनुदान सहित रू ३२०८२१०७८।० (बत्तिस करोड बयासी लाख एक हजार अठहत्तर) विनियोजन भएकोमा रू २१०४३८२४८।० (एक्काईस करोड चार लाख अड्तिस हजार दुई सय अड्चालिस) अर्थात ६४.११ प्रतिशत भुक्तानी भई सकेको देखिन्छ । यसरी चालु आर्थिक बर्षको मिति २०८० असार महिनाको पहिलो हप्तासम्म कुल विनियोजनको चालु र पूंजिगत दुबैलाई मिलाएर समग्र रुपमा अध्ययन गर्दा कुल

बजेटको करिब ५४.८८ प्रतिशत बजेट कार्यान्वयन भएको देखिन्छ । गाउँपालिकाको अधिकांश योजनाहरू सम्पन्न हुने क्रममा छन । कार्य सम्पन्न भएका योजनाहरूको स्थलगत अनुगमन तथा मूल्यार्ंन कार्य समेत गाउँसभाको तयारीको सिलसिलामा प्रभावित भए मुताविक भुक्तानि हुन बाँकी रहेको हुँदा पूँजिगत खर्चको प्रगतिको वास्तविक प्रतिशत चाँडै नैं देखिने सभा समक्ष जानकारी गराउन चाहान्छु ।

**(क) आर्थिक विकास**

चालु आर्थिक बर्षमा आर्थिक विकास तर्फका उपक्षेत्रहरू कृषि, पशु, लघु, घरेलु उधम, पर्यटन, सहकारी जस्ता उत्पादनमूलक क्षेत्रहरूमा रू २१६३५०००।० (दुइ करोड सोह्र लाख पैंतिस हजार) बजेट विनियोजन भएकोमा हालसम्म उक्त विषयक्षेत्रगत बजेटको ३७.०४ प्रतिशत अर्थात रू ८०१२८०५।० ( असी लाख बाह्र हजार आठ सय पाँच) खर्च भएको छ ।

**(ख) सामाजिक विकास**

चालु आ २०७९/०८० को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा समाबेश शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैं‍ि‍क समानता तथा सामाजिक समावेशीकरण, युबाखेलकुद तथा मनोरञ्जन र सस्कृति प्रवर्द्धन जस्ता सामाजिक विकास क्षेत्र तर्फ चालु र पूंजिगत गरी रू २६४४१०९५५।० (छब्बिस करोड चवालिस लाख दश हजार नौं सय पचपन्न) विनियोजन भएकोमा हालसम्म उक्त बजेटको ६०.८७ प्रतिशत अर्थात रू १६०९५६३२९।० (सोह्र करोड नौं लाख छपन्न हजार तीन सय उन्तिस) खर्च भएको देखिन्छ ।

**(ग) पूर्बाधार विकास तर्फ**

आ.व २०७९/०८० को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा उच्च प्राथमिकताकासाथ समाबेश सडक, भवन, सिचाई लगायत अन्य भौतिक पूर्बाधारजन्य क्षेत्रहरूमा रू १४२६०६२०६।० (चौध करोड छब्बिस लाख छ हजार दुई सय छ) विनियोजन भएकोमा बर्तमान अबस्थाको खर्च प्रगति रू ६७५९९५१५।० ( छ करोड पचहत्तर लाख उनान्सय हजार पाँच सय पन्ध) अर्थात ४७.४७ प्रतिशत प्रगति भएको देखिएको छ ।

**(घ) वन वातावरण तथा विपद व्यवस्थापन**

चालु आ.ब २०७९/०८० को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा समाबेश वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलबायु परिबर्तन, फोहोरमैला व्यवस्थापन र विपद व्यवस्थापन जस्ता क्षेत्रहरूमा रू ५०००००।० (पाँच लाख) विनियोजन भएकोमा हालसम्म उक्त बजेटको रू ८६०००।० (छयासी हजार) अर्थात १७.२ प्रतिशत खर्च भएको देखिन्छ ।

**(ङ) सुशासन तथा संस्थागत विकास**

आर्थिक बर्ष २०७९/०८० को स्वीकृत बार्षिक विकास कार्यक्रममा समाविष्ट मानव संशाधन, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तीय जोखिम न्यूनिकरण, सार्बजनिक सुनुवाई, बेरूजु फर्छौट, सेवा प्रबाह, विधुतीय सूचना प्रविधिको प्रयोग जस्ता क्षेत्रहरूमा रू १७४१५०००।० (एक करोड चौरहत्तर लाख पन्ध्र हजार) बजेट विनियोजन भएकोमा हालसम्म उक्त बजेटको रू १०२३२०६१।० (एक करोड दुई लाख बत्तिस हजार एकसठी) अर्थात ५८.७५ प्रतिशत खर्च भएको छ ।

**सभाध्यक्ष महोदय**

अन्त्यमा कृषि, उर्जा, पर्यटन र प्रविधि हिलिहाङ गाउँपालिकाको संबृद्धिको महान अभियानलाई सार्थक रूप प्रदान गर्ने सन्दर्भमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले साथ सहयोग गर्नु हुने संघीय सरकार, प्रदेश सरकार, गाउँसभा सदस्यहरू, गाउँपालिका परिवार, राजनैतिक दलहरू, सहकारी संस्था, गैरसरकारी संघ संस्थाहरू, उपभोक्ता समितिहरू, टोल विकास समितिहरू, निर्माण व्यवसायीहरू, समाजसेवी, बुद्धिजीविहरू,

कर्मचारीहरू, शिक्षकहरू र आम हिलिहाङबासी नागरिकहरू लगायत सम्पूर्ण सहयोगि मनहरूलाई हृदयदेखि नैं धन्यबाद दिँदै आगामी दिनहरूमा पनि निरन्तर साथ सहयोगको अपेक्षा गरेको छु

धन्यबाद